नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरवार, काठमान्डौ

## चमेना गृह (क्यान्टिन) सञ्चालन सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**सूचना प्रकाशन मितिः** २०८३/०४/२६
**सूचना नं.:** ०१/२०८३-८४

यस मन्त्रालयको परिसरभित्र आगामी १ (एक) वर्ष अवधिका लागि चमेना गृह (क्यान्टिन) सञ्चालन गर्नुपर्ने भएकाले नेपाल सरकारको प्रचलित कानून बमोजिम दर्ता भएका इच्छुक, योग्य तथा अनुभवी इजाजतपत्र प्राप्त फर्म, कम्पनी वा व्यावसायिक संस्थाहरूबाट देहायका शर्तहरूको अधीनमा रही सिलबन्दी दरभाउपत्र (Sealed Quotation) पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**शर्तहरू तथा प्रक्रियाः**

१. **फाराम खरिद गर्ने प्रक्रियाः** दरभाउपत्र फाराम यस मन्त्रालयको जिन्सी शाखाबाट रु. १,०००/- (अक्षरेपी एक हजार मात्र, फिर्ता नहुने) को बैंक भौचर बुझाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्रौं) दिनको मन्त्रालय समयभित्र खरिद गर्न सकिनेछ। फाराम खरिदका लागि फर्म दर्ता प्रमाणपत्र, प्यान/भ्याट (PAN/VAT) दर्ता प्रमाणपत्र र आव २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्नेछ।

२. **धरौटी रकम (Earnest Money)**: दरभाउपत्र साथ धरौटी बापतको रकम रु. २५,०००/- (पच्चिस हजार मात्र) राष्ट्रिय बाणिज्य बैंकमा रहेको धरौटी खाता नं. १९६०१००१०२०३०००० मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस मन्त्रालयको नाममा जारी गरिएको कम्तीमा ९० दिनको म्याद भएको बैंक ग्यारेन्टी (Bid Bond) संलग्न हुनुपर्नेछ।

३. **प्रस्ताव दर्ता गर्ने अन्तिम मितिः** रीतपूर्वक भरिएको सिलबन्दी दरभाउपत्र फाराम सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेभित्र यस मन्त्रालयको जिन्सी शाखामा दर्ता गरि सक्नुपर्नेछ। (सो दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समयभित्र दर्ता गर्न सकिनेछ)।

४. **दरभाउपत्र खोल्ने समयः** दर्ता भएका सिलबन्दी दरभाउपत्रहरू सोही दिन (१६ औं दिन) को दिनको २:०० बजे प्रस्तावक वा निजको आधिकारिक प्रतिनिधिको रोहबरमा यस मन्त्रालयमा खोलिनेछ। प्रस्तावक वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

५. बिजुली वापतको खर्च रकम चमेना गृहको छुट्टै सब-मिटरमा उठेको युनिटको विद्दुत प्राधिकरणको नियमानुसारको शुल्क बमोजिमको रकम प्रत्येक महिना समाप्त भएको ७ दिनभित्र बुझाउनु पर्नेछ।

६. **मूल्याङ्कनको आधारः** कर्मचारी तथा सेवाग्राहीलाई सस्तो, सुलभ, गुणस्तरीय एवं स्वास्थ्यकर खाजा/खानाको मेनु (Menu Rate) प्रस्ताव गर्ने प्रस्तावकको दरभाउपत्रको मूल्यॉकनको आधारमा स्वीकृत गरिनेछ।

७. **अधिकारः** दरभाउपत्र आंशिक वा पूर्ण रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहनेछ।

८. माथि उल्लेख नभएका शर्तहरु दरभाउपत्रको कागजात एवं सम्झौतामा उल्लेख गरिने छ ।